मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १९७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असार १ गते सोमवार (Monday, June 15. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

अभिनेता सुशान्तले गरे आत्महत्या: पृष्ठ ४



## कोरोनाको जोखिमबाट जनधनको सुरक्षा गर्न माग



**बिर्तामोड, जेठ ३२।** कोरोना संक्रमणको जोखिमबाट जनधनको सुरक्षा गर्न माग गर्दै नेपाली कांग्रेस झापाले सरकारलाई ज्ञापनपत्र बुझाउने भएको छ ।

नेपाली कांग्रेस केन्द्रीय समितिको निर्देशन बमोजिम नेपाली कांग्रेस झापाको आइतबार सम्पन्न बैठकले आगामी असार २ गते जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाउने निर्णय गरेको हो । नेपाली कांग्रेसले देशभरका ७७ वटै जिल्ला समिति तथा विदेशस्थित नियोगहरुमार्फत कोरोना भाइरस संक्रमणका कारण बिकराल बन्दै गएको परिस्थितिबारे सरकारको ध्यानाकर्षण गराउँदै अप्रत्यासित रुपमा बढिरहेको संक्रमण रोकथामका लागि प्रभावकारी कार्य गर्न सरकारको ध्यानाकर्षण गराउन लागेको हो ।

नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाको सभापतित्व र कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्मा, केन्द्रीय सदस्यहरु केशवकुमार बुढाथोकी, सरिता प्रसाई, भारतेन्दु मल्लिक, सुधिरकुमार शिवाकोटी, कार्यसमितिका पदाधिकारी, सदस्य, आमन्त्रित सदस्य, सल्लाहकार सदस्य, भातृ संस्थाका केन्द्रीय सदस्य, केन्द्रीय विभागीय समिति सदस्य, क्षेत्रीय, प्रदेश क्षेत्रीय सभापतिहरु, गाउँ/नगर सभापतिहरु, भातृ तथा शुभेच्छुक संस्थाका जिल्ला अध्यक्षहरु सहभागी बैठकले सामाजिक दुरी कायम राखेर ज्ञापनपत्र बुझाउने कार्यक्रमलाई प्रभावकारी बनाउने निर्णय गरेको प्रवक्ता लोकराज ढकालले जानकारी दिए ।

आगामी असार २ गते झापाको चन्द्रगढीस्थित गिरिजाप्रसाद कोइराला स्मृति भवनको अगाडि भेला भएर दिउँसो ठीक १२ बजेका लागि तय गरिएको कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला, क्षेत्र, प्रदेश क्षेत्र, गाउँ/नगर/वडा समिति, भातृ तथा शुभेच्छुक संघ-संस्था, क्रियाशील सदस्यलाई सशक्त रुपमा सहभागी हुन सभापति थापाले आह्वान गरे ।

बैठकमा सहभागीहरुले राखेको जिज्ञासाको जवाफ दिँदै कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले सरकारले कोरोना परीक्षणमा प्रभावकारी कार्य गर्न नसकेको बताए । उनले सहभागीको जिज्ञासा मेटाउँदै सन् २००२ सालदेखि सञ्चालित एमसीसी परियोजना हाल विश्वका २७ देशमा कार्यान्वयनमा रहेको जानकारी दिँदै एमसीसी सम्झौताबारे पूर्ण अध्ययन गरेर मात्रै विरोध वा समर्थन गर्न सबैलाई आग्रह गरे ।

*(बाँकी अन्तिम पृष्ठमा)*

एकका लागि एक अभियान

# पीसीआर ल्याबका लागि सहकारी अभियानको २५ लाख

**बिर्तामोड, जेठ ३२।** एकका लागि एक अभियानले झापामा पीसीआर ल्याब स्थापना गर्ने घोषणा गरेसँगै विभिन्न क्षेत्रबाट सहयोग प्राप्त हुने क्रम जारी रहेको छ ।

चारपानेमा आइतबार पत्रकार भेटघाट कार्यक्रमका बीच अभियानलाई जिल्लाका सहकारी र संघसंस्थाबाट ७ लाख १२ हजार रुपैयाँ सहयोग घोषणा भएको छ । एकका लागि एक अभियानको अगुवाईमा जनस्तरबाट स्थापना गर्न लागिएको ल्याब स्थापना गर्न सहकारी संघ-संस्थाले २५ लाख रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

आइतबार एकैदिन झापाका चार सहकारी संस्था, झापा जिल्ला सहकारी संघ, राष्ट्रिय सहकारी महासंघ र राष्ट्रिय सहकारी बैंक रकम घोषणा गरेका हुन् । रकम घोषणा कार्यक्रममा सहारा नेपाल साकोसबाट एक लाख पाँच हजार, पूर्व नेपाल साकोसबाट एक लाख दुई हजार रुपैयाँ, पब्लिक साकोसबाट एक लाख एक हजार र हाम्रो नेपाल साकोसबाट एक लाख एक हजार रुपैयाँ सहयोग घोषणा भएको छ ।

त्यस्तै, झापा जिल्ला सहकारी संघ, राष्ट्रिय सहकारी महासंघ र राष्ट्रिय सहकारी बैंकबाट समान एक लाख एक हजार रुपैयाँ प्रदान गर्ने घोषणा भएको छ । झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालका अनुसार संघको समन्वयमा अभियानलाई २५ लाख रुपैयाँ आर्थिक सहयोग गर्न लागिएको हो ।

एक साताभित्र रकम संकलन गरिसक्ने गरी संघले अन्य सहकारीसँग पनि समन्वय गरिरहेको छ । सामाजिक अभियान




भएकाले झापाका सहकारी तथा सहकारीसँग सम्बद्ध देशभरका केन्द्रीय संघहरुलाई स्वेच्छिक रुपमा सहयोग गर्न जिल्ला संघले अपिल गरेको छ ।

कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष ओमदेवी मल्ल, उपाध्यक्ष तथा बैंकका पूर्वअध्यक्ष रमेश पोखरेल, नेपाल बचत तथा ऋण सहकारी संघका केन्द्रीय सदस्य घनश्याम अधिकारी, नेपाल कृषि सहकारी केन्द्रीय संघका उपाध्यक्ष मिनाकुमारी ढकाल, नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले सबैलाई सहयोगको अपिल गरेका थिए ।

घोषणा कार्यक्रममा एकका लागि एक अभियानले शुरु गरेको पीसीआर ल्याब सञ्चालन गर्ने अभियानमा सहकारीको सबैभन्दा माथिल्लो निकाय पनि जोडिएको ढकालले बताए । 'यो एकदमै खुसीको कुरा हो'- ढकालले भने- 'यसले समाजमा राम्रो सन्देश दिएको छ ।'

ल्याब सञ्चालनका लागि अभियानले १५ लाख रुपैयाँ

*(बाँकी अन्तिम पृष्ठमा)*

# प्रदेशकै धेरै कोरोना संक्रमित झापामा



**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, जेठ ३२।** प्रदेश नम्वर १मा सबैभन्दा बढी कोरोना प्रभावित जिल्ला बन्यो झापा । भारतको पश्चिम बंगाल र बिहारसंग सीमा जोडिएको झापाको पनि कचनकवल गाउँपालिकामा कोरोना संक्रमित धेरै फेला परे । रोजगारीका लागि भारत पुगेका नेपाली युवा स्थल मार्ग भएर घर फर्कन थालेसँगै कचनकवल गाउँपालिकामा धेरै संक्रमित फेला परेका हुन् । यो गाउँपालिकामा शनिवारसम्ममा एक सय २६ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ ।

त्यसो त जिल्लामा संक्रमित हुनेको संख्या १ सय ७४ रहेको छ । १५ वटा स्थानीय तह रहेको झापामा १४ वटा स्थानीय तहमा दुई महिलासहित संक्रमितको संख्या १ सय ७४ पुगेको हो । उमेर समूहका आधारमा हेर्ने हो भने १५ देखि ६७ वर्षसम्मका मानिसमा यो रोगको संक्रमण देखिएको छ । जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चम्लगाँईका अनुसार संक्रमितमध्ये ९५ जना उपचारपछि स्वास्थ्य लाभ गर्दै घर फर्किएका छन् ।

प्रदेश नम्वर १मा हेर्ने हो भने झापापछि कोरोना संक्रमितको संख्या सुनसरीमा बढी छ । सुनसरीमा ५६ जना कोरोना संक्रमित फेला परेका छन् । प्रदेश नम्वर १मा हालसम्म ३४४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । १६६ जनाले कोरोनालाई जित्दै घर फर्किए पनि भारतबाट नेपाल फर्कने युवाको संख्या झन्-झन् बढेकाले झापासहित पूर्वमा कोरोना संक्रमितको संख्या दिनप्रतिदिन बढ्दै गएको छ ।

प्रदेश नम्वर १का सामाजिक विकासमन्त्री जीवन घिमिरेका प्रमुख स्वकीय सचिव तिलक बस्नेतका अनुसार प्रदेश नम्वर १मा कोरोना परीक्षणका लागि तीन वटा मात्रै ल्याव छन् । कोशी अस्पताल बिराटनगर, प्रदेश जनस्वास्थ्य ल्याव विराटनगर र बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा रहेको ल्यावमा पूर्वका १४ जिल्लामा संकलित स्वावको परीक्षण हुने गरेको छ । हालसम्म १५ हजार ४ सय १६ जनाको स्वाव संकलन गर्दै परीक्षणका लागि पठाइए पनि १५ हजार २ सय ४७ जनाको मात्र रिपोर्ट आएको प्रदेश नम्वर १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेका प्रमुख स्वकीय सचिव बस्नेतले बताए ।

**कुन जिल्लामा कति संक्रमित ?**

प्रदेश नम्वर १का ११ जिल्लामा कोरोना संक्रमण देखिएको छ । त्यसमा पनि झापा, सुनसरी, उदयपुर र मोरङमा कोरोना संक्रमितको संख्या अधिक छ । प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय प्रदेश नम्वर १ले सार्वजनिक गरेको तथ्याङ्क अनुसार झापामा १७४, सुनसरीमा ५६, उदयपुरमा ४३, मोरङमा ४६, धनकुटामा ८, भोजपुरमा ६, खोटाङमा ४, संखुवासभा, तेह्रथुम र इलाममा २/२ तथा सोलुखुम्वूमा एक जना कोरोना संक्रमित फेला परेका छन् । संक्रमितमध्ये २१ जना महिला छन् । १० महिला उपचार पछि घर फर्किएभने अझैं पनि ११ जना महिला उपचाररत् छन् ।

६ सय ८३ जना अहिलेपनि प्रदेश १मा कोरोनाको उपचारका लागि तयार गरिएको आइसुलेसनमा रहेका छन् भने कोरोना पोजेटिभ देखिएर उपचारमा रहेकाको संख्या १७६ जना रहेको प्रदेश प्रहरी कार्यालय बिराटनगरले जनाएको छ । प्रदेश नम्वर १मा ४ हजार ३ सय ८५ जना अहिले पनि क्वारेन्टाइनमा रहेका छन् भने होम क्वारेन्टाइनमा बस्नेको संख्या १४ हजार ८ सय ८० जना रहेको छ ।

**झापामा ल्याव स्थापनाको पहल**

प्रदेश नम्वर १मा सबैभन्दा धेरै कोरोना संक्रमितको संख्या झापामा देखिएपछि मेची अञ्चल अस्पताल भद्रपुरमा कोरोना परीक्षणका लागि ल्याव स्थापना गर्न पहल शुरु भएको छ ।

जिल्ला समन्वय समिति झापाका प्रमुख सोमनाथ पोर्तेलका अनुसार प्रदेश सरकारसंग समन्वय गर्दै ल्याव स्थापना गर्न लागिएको हो । जसका लागि मेची अञ्चल अस्पतालाई स्थान चयन गरिएको छ । सामाजिक विकासमन्त्री जीवन घिमिरेले ल्याव स्थापनाका लागि प्रदेश सरकारले सहयोग गर्ने बचन दिएका छन्- जिल्ला समन्वय समिति झापाका प्रमुख पोर्तेलले भने- अब एक साता भित्र झापामा ल्याव स्थापना हुन्छ ।

झापामा पहिलो पटक गत बैशाक ११ गते दमक नगरपालिका-३का ४६ वर्षीय पुरुषमा कोरोना संक्रमण पुष्टि भएको थियो । त्यस यता जिल्लामा संक्रमितको संख्या प्रदेशमै धेरै भएपछि झापामा नै कोरोना परीक्षणका लागि ल्याव स्थापनाको तयारी थालिएको हो ।

**जनस्तरबाट पनि कोरोना परीक्षण प्रयोगशाला स्थापना गरिने**

झापामा कोरोना संक्रमितको संख्या दिनप्रतिदिन बढ्दा समेत सरकारी तबरबाट ल्याव स्थापनामा तदारुकता नदेखिएको भन्दै जिल्लामा जनस्तरबाट पनि कोरोना परीक्षण प्रयोगशाला स्थापना गरिने भएको छ ।

झापा बिर्तामोड-२ चारपानेका सामाजिक अभियन्ता महेन्द्रकुमार गिरीले विपन्नलाई सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालन गरेको 'एकका लागि एक अभियान' मार्फत ६० लाख रुपैयाँ संकलन भएपछि जनस्तरबाट ल्याव राख्ने तयारी थालिएको हो । अभियान शुरु गरेको महिना दिनसम्म विपन्नलाई खाद्यान्न वितरण गरिए पनि कोरोना संक्रमितको संख्या बढ्दै गएपछि अभियानले कोरोना परीक्षण प्रयोगशालाको अवधारण अघि सारेको हो । एक करोड २५ लाख रुपैयाँ खर्च गर्दा कोरोना परीक्षणका लागि ल्याव स्थापना गर्न सकिने रहेछ अभियन्ता गिरीले भने- कोरोना परीक्षण प्रयोगशाला स्थापनाका लागि अहिले जिल्लामा रहेका २० भन्दा बढी सामाजिक संघ-संस्था र देश तथा विदेशमा रहेका नेपालीहरुले सहयोग गरिरहेका छन् ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## जुवाको खालबाट २८ जुवाडे पक्राउ



**बिर्तामोड, जेठ ३२।** झापाको कनकाई नगरपालिका-३बाट सात जना जुवाडे पक्राउ परेका छन् । कनकाई नगरपालिका-३ टप्पु टोलस्थित चेतनकुमार प्रसाईको घरमा जुवा खेलिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालले जानकारी दिए ।

विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिइएको प्रहरी टोलीले नगद ७१ हजारसहित कौडा र सात जना जुवाडेलाई पक्राउ गरिएको प्रहरी नायव उपरीक्षक रिजालले जानकारी दिए । पक्राउ पर्नेमा कनकाई नगरपालिका-३का विष्णुप्रसाद उप्रेती, लीलु अग्रवाल, सुरज चुडाल, हरि खरेल, ओमप्रकाश चापागाँई, कनकाई-४का मानबहादुर श्रेष्ठ र हरिबहादुर श्रेष्ठ रहेका छन् ।

नगदसहित पक्राउ परेका जुवाडेहरुलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय अनारमनीमा राखिएको प्रहरीले जनाएको छ । पक्राउ परेकाहरुलाई जुवा ऐन अन्तर्गत मुद्दा दर्ता गरिने प्रहरीले जनाएको छ ।

उता काठमाडौं महानगरपालिका-१४ रविभवनस्थित श्याम श्रेष्ठको घरमा तास खेलिरहेका ९ जनालाई नगद १ लाख रुपैयाँ र ३ बुक ताससहित प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा महानगरीय प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा सोही ठाउँ बस्नेहरु काभ्रे रोशी गाउँपालिका(५ घर भएकी ४५ वर्षीया कान्छी लामा, धनुषा जनकपुर घर भएकी ३४ वर्षीया अनिता कुशवाहा, काठमाडौं महानगरपालिका-२६ लैनचौर घर भएकी ३७

*(बाँकी अन्तिम पृष्ठमा)*






# रक्तदान र रक्तदाता सम्मानित



**बिर्तामोड, जेठ ३२।** विश्व रक्तदाता दिवसको अवसर पारेर सतासीधाम जेसीज र धरमपुर वचत तथा ऋण सहकारी संस्थाको संयुक्त आयोजनामा शिवसताक्षीको धरमपुर चौकमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाको प्राविधिक सहयोगमा भएको कार्यक्रममा ६३ जनाले रक्तदान गरेको वताइएको छ।

सतासीधाम जेसीजका अध्यक्ष कुमारसिंह साँवा र धरमपुर वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष दीपकुमार श्रेष्ठको संयुक्त अध्यक्षता तथा नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा धरमपुर वचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक बिनोद ढकालले स्वागत गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि ढकालले कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले जारी गरेको लकडाउनको अवस्थामा पनि शिवसताक्षी नगरपालिकामा चारपटक रक्तदानको आयोजना गरेर पाँच सय युनिटभन्दा बढी रगत संकलन भएकोमा रक्तदान आयोजना गर्ने संस्था र रक्तदातालाई धन्यवाद दिएका थिए।

कार्यक्रममा शिवसताक्षी नगरपालिकाकी उपमेयर भोजकुमारी नेपाल, नेपाली कांग्रेस शिवसताक्षी नगर सभापति पर्शुराम ढुङ्गाना, वडा नं. ८ का वडाध्यक्ष केहरसिंह बस्नेत, सतासीधाम सामुदायिक अध्ययन केन्द्रका अध्यक्ष नारायण बजगाँई, उद्योग वाणिज्य संघ, शिवसताक्षीका अध्यक्ष भोला मैनाली, नेपाल रेडक्रस सोसाइटी शिवसताक्षी उपशाखाका सचिव गोविन्द काफ्ले, राष्ट्रिय रमणिय आदर्श मावि दूधेका पूर्व विद्यार्थी मञ्चका अध्यक्ष अशोक बस्नेत लगायतले शुभकामना दिएका थिए।

कार्यक्रममा शिवसताक्षी नगर क्षेत्रबाट सबैभन्दा बढी रक्तदान गर्ने दुई जना रक्तदातालाई समेत सम्मान गरिएको थियो। यसरी सम्मानित हुनेहरुमा ६३ पटक रक्तदान गरेका शिवसताक्षी ११ दूधेका छबिलाल दवाडी र १५ पटक रक्तदान गरेकी शिवसताक्षी-१की जयकुमारी चेम्जोङ रहेका छन्। उनीहरुलाई प्रमुख अतिथि ढकाल लगायतले सम्मान गरेका थिए। सतासीधाम जेसीजका पुष्प पौडेलले आस्था वाचन गरेको कार्यक्रमको सञ्चालन सतासीधाम जेसीजका महासचिव विवेक ढकालले गरेका थिए।

# शरणार्थीलाई अमेरिकाको सहयोग

**शान्तिनगर, जेठ ३२।** इन्टरनेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेशन अफ अमेरिकाले झापा र मोरङमा रहेको शरणार्थी शिविरमा बसोबास गर्ने शरणार्थीहरुलाई राहत सामग्री तथा औषधि उपचार खर्च उपलब्ध गराएको छ।

उक्त संस्थाको आर्थिक सहयोग तथा इन्टरनेशनल होम केयर, अमेरी केयर र गौतम इन्सुरेन्स अमेरिकाको सहयोगमा एक करोड दश लाख रुपैयाँ बरावरको खाद्य सामग्री र शिविरमा रहेका विरामीलाई आर्थिक सहयोग गरेको हो।

नेपालका लागि इन्टरनेश्नल वेलफेयर एण्ड सर्पोट फाउण्डेशन अफ अमेरिकाका प्रतिनिधि सुरेन सेर्माका अनुसार मोरङ पथरी शनिश्चरे नगरपालिका-१०स्थित पथरी शिविरका १ हजार ५ सय ७० जनालाई करीव १५ लाख ७० हजार रुपैयाँ बरावरको १६ हजार केजी चामल वितरण गरिएको हो।

त्यस्तै, दमक नगरपालिका-३ स्थित वेलडाँगी शिविरमा ५ हजार ५ सय ९४ जनालाई ५० लाख १६ हजार रुपैयाँ बरावरको ५० हजार केजी चामल राहत स्वरुप वितरण गरिएको हो। त्यस्तै, दुवै शिविरमा उपचार खर्च नभएर घरैमा बसेका ७७ जना सिकिस्त विरामीलाई जनही १० हजार रुपैयाँको दरले उपचार खर्च दिइएको नेपाली प्रतिनीधि सेर्माले जानकारी गराए। उक्त राहत तथा सहयोग कार्यक्रममा दमक नगरपालिका र पथरी शनिश्चरे नगरपालिकासंगको सहकार्यमा सम्पन्न गरिएको हो।

त्यस्तै, धरान उपमहानगरपालिकामा रहेको नाङ्गालिक सामुदायि वनमा आश्रय लिएर बसेका सडक वालवालिकालाई १ लाख ५० हजार रुपैयाँ आर्थिक सहयोग गरिएको हो। नेपालका लागि आधिकारिक प्रतिनिधि नायक दिलीप रायमाझी, राम बाँनियाँ, भुपाल अधिकारी र सुरेन शेर्मा र इन्टरनेश्नल वेलफेयर एण्ड सर्पोट फाउण्डेशन अफ अमेरिका, इन्टरनेशनल होम केयर, अमेरी केयर र गौतम इन्सुरेन्स अमेरिकाका प्रतिनीधिहरुको उपस्थितिमा सो राहत सामग्री र आर्थिक सहयोग गरिएको हो।



चार वटै अमेरिकी सहयोगी संस्थाका २०९ जना सहयोगीदाताहरु उक्त रकम पठाएका थिए। पथ्री शरणार्थी शिविर र वेलडाँगी शिविरमा रहेका ७ हजार १ सय ६४ जनालाई एक महिना पुग्ने राहत सामाग्री वितरण गरिएको हो। एक करोड १० लाख रुपैयाँबाट बाँकी रहेको रकमले शिविर बाहिर रहेका गरिव तथा विपन्न बर्गका मानिसहरुलाई पनि राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने योजना रहेको बताइएको छ। उक्त राहत तथा आर्थिक सहयोग पाएकाहरुले इन्टरनेशनल वेलफेयर एण्ड सर्पोट फाउण्डेशन अफ अमेरिकाका अध्यक्ष डिल्ली अधिकारी लगायतको टोलीलाई धन्यवाद ज्ञापन गरे।

कोरोनाको माहामारीको समयमा मनकारी व्यक्तिहरुले स्थापना गरेको मानवीय सहयोगी संस्थाले दिएको सहयोग रकमले सम्पूर्ण शिविरबासी साथै दिर्घरोगिहरुलाई निकै राहत मिलेको पथरी शिविर सचिव पम्फासिंह राईले बताए। त्यस्तै यो विषम परिस्थितिमा क्याम्पमा यत्रो ठूलो सहयोग गरेको प्रति बेलडाँगी शिविर सचिव कृष्ण बहादुर सुब्बाले आर्थिक सहयोग गर्नुहुने सम्पूर्ण दाताहरुलाई धन्यवाद दिए।

# अभिनेता सुशान्तले गरे आत्महत्या



**काठमाडौं, जेठ ३२।** बलिउड अभिनेता सुशान्त सिंह राजपूतले आत्महत्या गरेका छन्। बान्द्रास्थित आफ्नै घरमा उनको शव भेटिएको छ। आत्महत्याको पुष्टि प्रहरीले गरिसके पनि कारण खुलेको छैन।

बीबीसीका अननुसार बान्द्रा प्रहरी स्टेशनमा सुशान्तको घरमा काम गर्ने व्यक्तिले घटनाको जानकारी दिएका थिए। टेलिभिजनबाट आफ्नो करिअर सुरु गरेका सुशान्त अहिले बलिउडका चर्चित नायक थिए। उनले एमएस धोनीः द अनटोल्ड स्टोरीबाट चर्चा पाएका थिए।

सुशान्तकी पूर्व म्यानेजर दिशा सालीयानले गत साता आत्महत्या गरेकी थिइन्। यो खबर ट्वीट गर्दै शुसान्तले आफू स्तब्ध बनेको बताएका थिए। ३४ वर्षीय सुशान्तले सन् २०१४ मा 'काइ पो चे' चलचित्रबाट बलिउडमा डेब्यू गरेका हुन्। उनले 'पीके', 'केदारनाथ', 'शुद्ध देशी रोमान्स', 'छिचोरे' जस्ता सफल चलचित्रमा काम गरेका छन्। जिटीभीको सिरियल 'पवित्र रिस्ता' बाट सुशान्तको करिअर शुरु भएको थियो। उनी अविवाहित थिए।

## पीसीआर ...

उपलब्ध गराएर सहयोग जुटाउन शुरु गरिएको छ। अभियानले दुई साताअघि रकम घोषणा गरेको थियो भने ल्याब सञ्चालन गर्न आर्थिक संकलन तीव्र बनाएको छ।

कार्यक्रममा अभियानअन्तर्गत झापामा कोरोना भाइरस परीक्षण गर्ने पीसीआर ल्याब स्थापनाका लागि सहयोग जुट्ने क्रम जारी रहेको अभियानका सहसंयोजक बिनोद बस्नेतले जानकारी दिए। संसारभर रहेका झापाली र संघसंस्था तथा अन्य क्षेत्रका दाताहरुसँग अभियानले सहयोगको अपिल गरेको छ।

ल्याब सञ्चालन गर्न अन्तर्राष्ट्रिय झापाली समाजले पनि ३० लाख रुपैयाँको हाराहारीमा सहयोग गर्ने प्रतिबद्धता जनाइसकेको छ। ४० देशमा सञ्जाल रहेको समाजका अभियन्ताहरुले अनलाइन कोष खडा गरेर रकम संकलन गरिरहेको समाजका संरक्षक दिनेश पोखरेलले जानकारी दिए।

पीसीआर ल्याब स्थापना गर्न झण्डै एक करोड १५ लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ। ल्याब सञ्चालनको जिम्मेवारी लिन झापाका कनकाई, बिर्तामोड र अर्जुनधारा नगरपालिकालाई अभियानले अनुरोध गरेको छ। ल्याब कहाँ राख्ने भन्ने टुंगो एक सातामा लाग्ने बस्नेतले बताए।

# आगलागीबाट १० करोडको क्षति

**इनरुवा, जेठ ३२।** सुनसरी सदरमुकाम इनरुवा बजारमा आगलागी भएको छ।

इनरुवा-१ स्थित बीचबजारमा रहेको हनुमान वस्त्रालयबाट विद्युत् चुहिएर भएको आगलागीमा परेर यशोदा ट्रेडर्स, हनुमान वस्त्रालय, जय सन्तोषी हाडर्वेयरको रङ पसल, कपिल टेलर्स र सिर्जना फाइनान्सका भवन पूरूपले जलेर नष्ट भएको उद्योग वाणिज्य संघ इनरुवाका अध्यक्ष वीरेन्द्रकुमार साहले बताए।

आगलागीलाई सुरक्षा निकाय, स्थानीयवासी, इटहरी, धरान, विराटनगर, सुन्दरहरैचा, सप्तरी, बराहक्षेत्र र दुहबीबाट आएको वारुणयन्त्रले नियन्त्रणमा लिएको थियो।

आगलागीबाट करिब १० करोडभन्दा बढीको क्षति भएको अनुमान गरिएको स्थानीय व्यापारी गुलाब शर्माले जानकारी दिए। उनले इनरुवा नगरपालिकाको वारुणयन्त्र बिग्रिदा धेरै क्षति भएको बताए।

## प्रदेशकै ...

कोरोना परीक्षण प्रयोगशाला स्थापनाका लागि अन्तर्राष्ट्रिय झापाली समाजले समेत सहयोग गर्ने जनाएको छ। झापाका १५ वटा स्थानीय तहमा कोरोना परीक्षणका लागि प्रयोग हुने एक/एक सय भिटीएम किट उपलब्ध गराएको समाजले कोरोना परीक्षण ल्याव स्थापनाका लागि ३० लाख रुपैयाँ सहयोग गर्ने तयारी थालिएको समाजका उपाध्यक्ष नबीन पोखरेलले बताए। झापामा कोरोना संक्रमितको संख्या बढ्दै भयावह अवस्था सृजना हुँदैछ पोखरेलले भने- झापामै कोरोना परीक्षणका लागि ल्याव स्थापना गर्न सके र यहाँ संकलन गरिएको स्वाव बिराटनगर र धरान पुऱ्याउनु पर्ने थिएन। अहिले तीन वटा ल्यावमा प्रदेश नम्वर १का १४ जिल्लाबाट संकलित स्वाव परीक्षण हुन्छ। समयमै स्वावको रिपोर्ट नआउँदा क्वारेन्टाइनमा बसेकाहरु भगवान पुकार्न बाध्य छन्। प्रदेशमा स्थापना गरिएको ल्यावमा अहिले दैनिक एक हजारदेखि १२ सय जनाको मात्र रिपोर्ट आउने गरेको छ।

### कोरोना संक्रमितलाई समाजमा अपहेलना

सुनसरीको धरानमा रहेको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको कोभिड-१९ उपचार केन्द्रमा कोरोनाको उपचार पछि घर फर्किएका बिर्तामोड-२ सोमवारेका दीलिप दर्जीलाई गाउँलेले शुक्रवार घर जान दिएनन्।

दर्जी उपचारपछि सोमवारेस्थित साइली भाउजुको घरमा जाँदै गर्दा भाउजुको घरमा पस्न गाउँलेले रोक लगाएका थिए। अस्पतालबाट डिस्चार्जपछि घर फर्कनु पूर्व दर्जीले भाउजुलाई आफू घर आउने कुरा जानकारी गराएका थिए। भाउजुले पनि उनलाई घरमा आउनु भनिन्। भाउजुको अनुमति पाए पनि दिलीपले घर भने जान पाएनन्। अस्पतालबाट डिर्स्चाज पछि घर आउँदै गर्दा दिलीपलाई भाउजुले फेरि पोर्न गर्दै घर नआउन भनेपछि दिलीप गत शुक्रवार बाटैमा अलपत्र परे। गाउँलेले भाउजुलाई कोरोनाको विरामी घर नभित्र्याउन भन्दै धम्की दिएपछि दिलीप पाँच घण्टासम्म चारपानेस्थित बीर अमरसिंह माध्यमिक विद्यालयको मैदानमा बसे।

शुक्रवार राति बिर्तामोड-२का वडाध्यक्ष नगेन्द्र संग्रौलासहितका जनप्रतिनिधिले थाह पाएर प्रहरीसहित दिलीपलाई घर पुऱ्याएका थिए। शुक्रवारराति १० वजे मात्रै घर पुगेका दिलीप र उनको भाउजुको परिवारलाई अहिले पनि गाउँमा हिँड्डुल गर्न रोक लगाएको बताइन्छ। दिलीपलाई राति वडाध्यक्षसहित प्रहरीले घर पुऱ्याए पनि गाउँलेले केही समय विरोध जनाएका थिए। कोरोना उपचारपछि निको हुने रोग भएको भन्दै वडाध्यक्ष संग्रौलासहितका जनप्रतिनिधिले गाउँलेलाई सम्झाए पनि दर्जीको परिवार अहिले पनि समाजमा उपेक्षित भइ बसेका छन्। गत जेठ १३ गते भारतबाट घर फर्किएका दर्जीलाई २० गते कोरोना संक्रमण देखिएपछि उपचारका लागि धरान लगिएको थियो।

बिर्तामोड-२का दर्जी समाजका एक प्रतिनिधि पात्र मात्र हुन्। उनको जस्तै पीडा छ बाह्रदशी गाउँपालिका-४का कोरोना संक्रमित मजाहिर आलमको पनि। उनलाई पनि कोरोना संक्रमण देखिएपछि विराटगरमा लगेर उपचार गरिएको थियो। उपचारपछि घर फर्किए पनि आलमको घरमा अहिलेसम्म छरछिमेक र साथीभाइ नआउने गरेको दुःखेसो छ- उनमा।

**संक्रमित भन्छन्- नआत्तिनु केही हुँदैन**

कोरोना संक्रमण देखिएर उपचारपछि घर फर्किएकाहरुले कोरोना संक्रमण हुने बित्तिकै मरिनहाल्ने बताएका छन्। उनीहरुले बेलैमा सजकता अपनाउँदै उपचार गरेको खण्डमा कोरोलाई पराजित गर्न सहजै सकिने बताएका छन्।

वाह्रदशी गाउँपालिका-४ चकचकीका मजाहिर आलमले आफूलाई कोरोना संक्रमण पुष्टि हुँदा समेत कुनै लक्षण नदेखिएको र १४ दिनसम्म आइसोलेसनमा बस्ता पनि आफूलाई कुनै प्रकारको समस्या नआएको बताए। आफूसंग अस्पतालमा बसेका साथीहरुमा समेत त्यस्तो कुनै समस्या नदेखिएको भन्दै कोरोना लाग्ने वित्तिकै आत्तिनु नहुने बताए। उनले पोषणयुक्त खानेकुरा खान र स्वास्थ्यको राम्रो हेरचाह गर्न समेत सल्लाह दिए। विदेशमा जस्तो नेपालमा भयावह स्थिति छैन- आलमले भने- मनोवल उच्च राखेर स्वास्थ्यको ख्याल गरे कोरोनालाई हामीले सहजै परास्त गर्न सक्छौं। सामाजिक दूरी कायम गर्दै हिँड्डुल गर्न र सजकता अपनाउन भने उनको सुझाव छ।

## जुवाको ...

वर्षीया शर्मिला मसाल श्रेष्ठ, धादिङ थाक्रे गाउँपालिका-७ घर भई काठमाडौं महानगरपालिका-१४ कुलेश्वर बस्ने ३४ वर्षीय राजु भुजेल, धादिङ थाक्रे गाउँपालिका-५ घर भई काठमाडौं महानगरपालिका-१३ कालीमाटी बस्ने ४२ वर्षीय आस्मान लामा, गोरखाको गोरखा नगरपालिका-१३ घर भई हाल काठमाडौं बानेश्वर बस्ने ४४ वर्षीय फूलबहादुर गुरुङ, काभ्रे नवबुद्ध नगरपालिका-६ घर भई हाल काठमाडौं महानगरपालिका-१४ लाम्पाटी बस्ने ५५ वर्षीय धनबहादुर तामाङ, काभ्रे बनेपा नगरपालिका-१ घर भई हाल काठमाडौं महानगरपालिका-१४ कलंकी बस्ने ३८ वर्षीय यज्ञकुमार श्रेष्ठ र रामेछाप सुनापती गाउँपालिका-४ घर भई हाल ललितपुर इमाडोल बस्ने ३६ वर्षीय दीपक थापा रहेका छन्।

त्यस्तै पोखरा महानगरपालिका-१० बुद्धचोक डेरा गरी बस्ने अञ्जना गुरुङको कोठामा जुवातास खेलिरहेको अवस्थामा १२ जनालाई नगद ३ लाख २९ हजार ८ सय ५५ रुपैयाँ र ४ बुक ताससहित प्रहरीले पक्राउ गरेको छ।

अञ्जना गुरुङको डेरामा जुवातास खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय रामबजारबाट खटिएको प्रहरीले ७ जना पुरुष र ५ जना महिला गरी १२ जनालाई उक्त नगद र तास सहित फेला पारी पक्राउ गरेको हो।

## कोरोनाको ...

'सुनेको भरमा टिप्पणी गर्ने प्रचलनले एमसीसी गलत हो भन्ने आम जनधारणा छ'-नेता शर्माले भने- 'अक्षरशः पढ्नुस्, अनि एमसीसी सम्झौता कार्यान्वयनका बारे धारणा बनाउनुस्, यो राष्ट्रिय हितमा भए हितमा छ भन्नुस्, नभए छैन भन्नुहोस्। सुनेको भरमा धारणा बनाउनु हुँदैन।'

'एमसीसी पारित भए अमेरिकी सेना नेपाल पस्छ भन्ने हल्ला निराधार हो'- शर्माले भने- 'अमेरिकाले विश्वका कुनै पनि मुलुकमा अनुमति मागेर प्रवेश गरेको छैन, इराकमा पनि अनुमति लिएर प्रवेश गरेको होइन। तसर्थ अमेरिकी सेना पस्ने हल्ला निराधार हो।' देशको विद्युत् प्रशारण लाइन विस्तार र उत्पादित विजुली विक्री वितरणका लागि एमसीसी परियोजना लाभदायी हुने उनले बताए।

जिल्ला सचिव प्रेम सम्बाहाम्फेले सञ्चालन गरेको बैठकमा क्षेत्रीय सभापतिहरुले पनि धारणा राखेका थिए। बैठकले नेपाली कांग्रेस केन्द्रीय सदस्य चन्द्र भण्डारीका बुवा ईश्वरी भण्डारी, नेपाली कांग्रेस ताप्लेजुङका सभापति लिला बोखिमका बुवा कालिबहादुर बोखिम, झापा जिल्ला सहसचिव राजेन्द्र भण्डारीका आमा भागिरथा भण्डारी, जिल्ला सदस्य पार्वता गिरीका स्वर्गिय बुवा गणेशवहादुर भारती गिरीको निधनप्रति गहिरो शोक समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको प्रचार विभाग संयोजक कृष्ण हुमागाँईले जानकारी दिए।


## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)






## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*

- जन्मदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्धबिच्छेद तथा मृत्युदर्ता जस्ता व्यक्तिगत घटना भएको मितिले ३५ दिनभित्र अनिवार्य दर्ता गरौं।
- बालबालिकाहरुलाई विद्यालय पुऱ्याऔं। शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुन नदिऔं।






## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक

**शाखाः** सिंहदरबार परिसर

**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष

**खाता नं. १९६०००००११०१**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रशारण विभाग


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# पूर्खाप्रति गौरव गर्नुपर्छ

असल नागरिक कुनै पनि देशको पहिलो सम्पत्ति हो। असल नागरिक हुन कर्मनिष्ठ, विवेकी, चरित्रवान, नैतिकवान र इतिहासप्रति गौरव गर्न सक्ने हुनुपर्छ। यसका लागि नैतिक शिक्षाको आबश्यकता पर्दछ। त्यसैले विश्वको प्राचीनतम् संस्कृति वैदिक सनातन धर्मले गुरुकुलीय शिक्षालाई जोड दिएको थियो। जहाँ राजाका सन्तान पनि आम नागरिक सरह शिक्षा लिन्थे र दिक्षित हुन्थे। त्यही आश्रम उनीहरूको शास्त्र र शस्त्रसँगै व्यावहारिक ज्ञानको विश्वविद्यालय थियो। आज त्यो पूर्वीय बिशिष्टता पश्चिमी मुलुकका लागि अनुकरणीय बन्दै गएको छ भने उद्गम थलोका हामीहरू विरत हुँदै अरूका अनुयायी बन्दै जाँदैछौं।

आफ्ना पूर्खा र आफ्नो इतिहासप्रति गौरवबोध गर्न नसक्ने व्यक्ति वा जाति कहिल्यै सम्मानयोग्य हुँदैन। त्यसो गर्न आफूमा पनि क्षमता हुनुपर्छ। इतिहासलाई आफू अनुकूल व्याख्या गर्नु महानता हुन सक्दैन। बरू स्वघोषित त्यस्ता अगुवा जीवनकालमै बिलय हुन्छन्। नेपालको इतिहास वीर–वीरांगानाहरूको सेवा, त्याग, वलिदान र अथक परिश्रमले लेखिएको छ। किराँतकाल होस् वा लिच्छवी, मल्ल अथवा वर्तमान नेपालका निर्माता पृथ्वीनारायण शाहको शासनकाल होस् सबैको बेग्लै महत्व छ। स–साना राज्यमा छरिएका तिनलाई एउटै सूत्रमा उनेर टिष्टा र काँगडाको बिशालता कायम गर्ने संस्थाको इतिहास कसैको सनकमा मेटिँदैन पनि।

त्यस्तै इतिहास रचेको छ हाम्रो प्रतिनिधिसभाको शनिबारको बैठकले। बहुदलीय व्यवस्था आए पछिको समय पश्चिम–उत्तरको नेपाली भूभाग संधियार र अनन्य मित्र भनिएको भारतले वलपूर्वक अतिक्रमण गऱ्यो। हाम्रो असहमति, राजनीतिक अस्थीरता र सत्ता प्राप्त गर्ने लालसालाई कमजोरी ठानेर पूर्वदेखि पश्चिमसम्मको सीमावर्ती क्षेत्रमा अतिक्रमण भइरहेको छ। त्यसमा पनि सुस्ता र काली नदीको पूर्वी भाग लिम्पियाधुरा हुँदै लिपुलेकसम्मको भूभाग आफ्नो नक्सामा राखेर पछिल्लो समय भारतले बलमिच्याइँ मात्र गरेन हाम्रो स्वतन्त्र अस्तित्व, अखण्डता र सम्प्रभुतामाथि हमला गऱ्यो। त्यसकै प्रतिवादमा उभिएर संसदले एक मतले देशभक्ति सबै स्वार्थभन्दा माथि हुन्छ भन्ने उदाहरण देखाएको छ। तर, त्यही छलफलमा बोल्दै सत्तारूढ दलका एक नेताले इतिहासको अपब्याख्या गरे मात्र होइन आफ्नो अज्ञानताको समेत प्रदर्शन गरे। 'राजतन्त्रले गुमाएको भूमि गणतन्त्रले फिर्ता ल्याउँछ' भन्ने उनको भनाइ कि इतिहास नपढेको प्रमाण हो कि त सत्ताको उन्माद।

हाम्रो सीमाना माओवादी सशस्त्र द्वन्द्वका कारण अतिक्रमित भए। प्रहरी र सेना लक्षित त्यो द्वन्द्वले कतिपय चौकी, पोष्ट बिस्थापित भए। त्यसको आधारभूमि भारत नै थियो भनिन्छ, इतिहासले प्रमाणित गर्ला भनाइलाई। यसअघि भएका प्रजातान्त्रिक आन्दोलनका स्रोत र ऊर्जा भारत नै भएकाले पनि उसको आत्मबल बढेको हुन सक्छ। भारत–चीन युद्ध पछि उत्पन्न भएको यो विवादमा बिभिन्न चरणमा वार्ता भएकै हो, कुटनीतिक कौशल नभएर वा इतिहास नबुझेर अथवा बुझाउने ल्याकत नभएर कचल्टिएको हो। त्यसैले पनि बूढापाकाको कथन छ 'बोल्न पाएँ भन्दैमा प्याच्च नबोल्नु, बस्न पाएँ भन्दैमा थ्याच्च नबस्नु।' यी सबैको व्यवस्थापन गर्न भावी पुस्तालाई इतिहास र नैतिक शिक्षाको आबश्यकता छ। यसतर्फ राज्यको ध्यान जानुपर्छ। हैन भने हाम्रो पूर्खाको आर्जन र गौरव जोगाउन सकिँदैन, नेपाल र नेपालीको स्वाधीन र स्वतन्त्र अस्तित्व समेत संकटमा पर्नेछ।

# कोरोनाबाट विदेशमा नेपालीको मृत्युमा कमी

**काठमाडौँ, जेठ ३२।** कोरोना भाइरसको संक्रमणले विदेशमा नेपालीको मृत्यु हुने क्रम रोकिएको छ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) का अनुसार आठ सातालगातार विभिन्न देशमा नेपालीले ज्यान गुमाए पनि यस साता भने कोरोना भाइरसको संक्रमणले निधन भएन।

एनआरएन, स्वास्थ्य समितिका अनुसार विश्वका विभिन्न देशमा कोरोना संक्रमण दरमा शनिबार साँझसम्म उल्लेख्य कमी आएको छ। डेनमार्क, नेदरल्याण्ड्स, अष्ट्रेलिया, जापान, म्यानमा, पोल्याण्ड, रुस, न्युजिल्याण्ड, क्यानडा, फिनल्याण्ड, आयरल्याण्ड, जर्मनी, स्वीडेन, फ्रान्स, बेल्जियमलगायत १५ देशमा बस्ने करीब नौ हजार नेपाली कोरोना संक्रमणबाट मुक्त भएका छन्।

समितिले संकलन गरेको तथ्यांकानुसार विदेशमा रहेका १७ हजार ७९२ नेपाली कोरोना भाइरसबाट संक्रमिक भएका छन्। समितिका संयोजक डा. सञ्जीव सापकोटाका अनुसार सो साता पहिलो पटक अफ्रिकी मुलुकमा रहेका तीन नेपालीमा कोरोना भाइरसको संक्रमण भेटियो। संघका अनुसार कोरोना संक्रमणले हालसम्म १२७ विदेशमा तथा नेपालमा १८ जना नेपालीको निधन भएको छ।

सापकोटाका अनुसार नेपालका पाँच हजार ३३५सहित ३५ देशमा २३ हजार १२७ नेपालीमा कोरोना भाइरसको संक्रमण देखिएको छ। कोरोना भाइरसका कारण बेलायत, संयुक्त अरब इमिरेट्स, साउदी अरब, बहराइन, कुवेत, कतार, आयरल्याण्ड, जापान, टर्की, नेदरल्याण्ड्स, स्वीडेनलगायत १३ देशमा रहेका नेपालीको ज्यान गएको थियो।

# समाज फेर्न तम्सनेहरु आफू किन फेरिएनन् ?



तीर्थराज खरेल



जनताका बुकुराहरुमा रुखासुखा खाएर भूमिगत जीवन बिताएका नेताहरु जनताबाट अलगथलग भएर राजधानी र अन्य ठूला शहरकेन्द्रित भएर जनताकोभन्दा फरक जीवनशैली अपनाइरहेको आम आरोप छ। यो आरोपमा धेरै सत्यता छ। समाज फेर्ने र जनताको जीवनमा खुशीयाली ल्याउने सपना बोकेर राजनीतिमा संलग्न भएकाहरुले किन आफ्ना आदर्शहरु बिर्से ? समाजमा व्याप्त असमानता, शोषण, अन्याय र अत्याचारको अन्त्य गर्दै समतामूलक समाज स्थापना गर्ने महान लक्ष्यसहित क्रान्ति र आन्दोलनमा होमिएकाहरुमा किन पुरानै प्रवृत्ति पुनरावृत्ति हुन्छ ? यो दार्शनिक र व्यावहारिक प्रश्न हो। व्यक्तिको चरित्रमा सम्पूर्ण दोष आरोपित गर्नु ठीक हो कि यसको दोष समाजमै छ ? जनताको मुक्तिसँगै आफ्नो पनि मुक्ति हुने आशामा जीवनका सुनौला दिनहरु भूमिगत जीवन, प्रवास र कारावासमा बिताएका नेताहरुले किन अनुपम बलिदान, अद्बितीय क्रान्तिकारिता र समाज रुपान्तरणप्रतिका अनुकरणीय समर्पण बिर्सन पुगे ? यी प्रश्नहरु आम जनता, कार्यकर्ता, समर्थक र शुभेच्छुकहरुका लागि साझा प्रश्न बन्न पुगेका छन्।

मान्छेले उत्पादनको लागि गरिएको संघर्ष, वर्गसंघर्ष र वैज्ञानिक प्रयोगबाट ज्ञान प्राप्त गर्ने भनी मान्ने हो भने समाजबाट अलग्गै कुनै मानिस त हुन सक्दैन, तर चलिरहेको बाटोबाट एक सुता पनि यताउता नगर्ने हो भने परिवर्तन कसरी हुन्छ त ? हामीभित्र जरा गाडेर बसेको दासत्वको भावना वा परामपरागत सोचको जग भत्काएर मात्र जाग्रत मनुष्य बन्ने बाटो खोल्न सकिन्छ। सकारात्मक सोचले सकारात्मक काम हुन्छ, अनि यथास्थिति र प्रतिगमनका अभेद्द पर्खाललाई तोडेर जीवन सदैव असल गोरेटोतिर लागिरहन्छ। मार्क्स भन्छन्- 'आजसम्मका दार्शनिकले संसारको व्याख्या गरेका छन्, तर मुख्य कुरा त यसलाई बदल्नु हो।' मुक्तिको शुरुवात आफूबाट हुन्छ, परिवर्तनको शुरुवात आफूबाट गर्न आवश्यक छ। यो सबैभन्दा चुनौतिपूर्ण काम हो। सबै पुस्ताका मानिसहरुमा लुछाचुँडी गर्ने प्रवृत्ति देखिन्छ र आफू परिवर्तन नभई अरुलाई परिवर्तन हुनका लागि प्रवचन दिने प्रवृत्ति प्रभावी हुँदै गएको देखिन्छ। सकारात्मक सन्देश दिने नै हो भने आफ्नै उदाहरणबाट दिनु श्रेयष्कर हुन्छ। अरुका क्रियाकलापमा टिप्पणी गर्न त सजिलो हुन्छ, तर व्यावहारिक रुपमा आफूलाई खरो उतार्न ज्यादै अप्ठ्यारो हुन्छ।

जीवनमा अनेकौं दुःखकष्ट बेहोरेर मात्र मुक्ति सम्भव छैन भन्ने पुष्टि भएको छ। मुक्तिको लागि आफूलाई बन्धनमा पार्ने विषयबाट छुट्कारा पाउनुपऱ्यो। बाँधेर राख्ने बन्धनलाई चुँडाल्न आवश्यक छ। जीवनमा सार्थक परिवर्तन ल्याई सबै प्रकारका बन्धनबाट मुक्त गर्ने राजनीतिक-वैचारिक सिद्धान्तप्रति अगाध आस्था राखी अनुशरण गरेबाटै परिवर्तन सम्भव हुने हो, तर प्रश्न के हो भने त्यस्तो परिवर्तन ल्याउने सोच कस्तो हुन्छ ? सिद्धान्तको पक्षपाती हुनु वा समर्थक हुनुमा फरक छ। फेरि पनि त्यही सिद्धान्तकै जडतामा अल्झिएर रहने हो भने परिवर्तन एकादेशको कथा हुन्छ र पुरानो कुराको पुनरावृत्ति हुन्छ। समाजको जडता यति बलशाली छ कि पुज्ने वा पुजिने परिस्थिति निर्माणका लागि सबै मूल्यमान्यताहरु हाम्रा लागि फिका लाग्छन्। मानिसले मानिसलाई नगन्ने र पैसाको मात्र मूल्य देख्ने द्रव्यपिचाशी राज्यव्यवस्था र त्यसबाट बनेको मानसिकताबाट मुक्ति कसरी हुन्छ र ! मूल कुरा के हो भने आजको मानवलाई अमानवीकरण गर्ने जुन सामाजिक परिवेशमा हामी बाँचिरहेका छौं, साँचो अर्थमा हामीले यही कुराबाट मुक्ति पाउन कोशिस गर्नुपर्छ। मानिसको स्वत्वलाई मारेर उसले स्वतन्त्रता हासिल गर्न सक्दैन। मानिसको विवेक मार्नु भएन, भावना मार्नु भएन। तब मात्र मुक्तिको यात्रा शुरु हुन्छ। मानिसका दिमागमा रहेका पुरातन कुँडाकरकट नहटाएसम्म ऊ कसरी मुक्त हुन सक्छ त ?

चिनियाँ कम्युनिष्ट पार्टीका संस्थापक नेता माओत्सेतुङ भन्छन्- मानिसको मूल्यांकन उसले दुःख पाएको बेलामा र उसले सफलता तथा पद प्राप्त गरेको दुवै अवस्थामा गर्नुपर्छ। एक जना कार्यकर्ता वा नेता क्रान्तिकारी बन्न आत्मविकासको लामो प्रक्रिया पार गर्नुपर्छ। सो व्यक्तिमा पुरानो समाजमा हुर्किएका विभिन्न विचारधारा वा तिनीहरुका अवशेषहरु (जस्तैः पूर्वाग्रहहरु, बानीहरु र परम्पराहरु) रहेका हुन्छन्। हरप्रकारका संकीर्ण स्वार्थ र हितहरुलाई तिलाञ्जली दिन नसक्ने हो भने १५औं हजार होइन, लाखौं शहीदको बलिदानपछि पनि नेताहरुमा रुपान्तरण सम्भव हुँदैन। असल क्रान्तिकारीले वास्तविकतालाई मात्र परिवर्तन गर्दैनन्, साथसाथै आफैलाई पनि फेर्दछन्। जनतासँग घनिष्ठ सम्बन्ध राख्नेहरुले नै जनशैली अपनाउन सक्छन्। क्रान्तिको आंशिक विजयपछि राजकीय पदहरुमा नियुक्ति पाएका वा निर्वाचित भएकाहरु दम्भले भरिन्छन्, आफूलाई जनताभन्दा फरक सम्झन्छन् र जनतासँग रवाफी नोकरशाहको जस्तो व्यवहार गर्न थाल्छन् भने उनीहरुमा रुपान्तरण नभएको बुझ्न सकिन्छ। संघर्षका कठिन घडीमा आदर्शवादी, औपचारिक, अमूर्त र सामाजिक व्यवहारबाट पृथक सोच बोक्नेहरुभित्र जरा गाडेर बसेको गलत प्रवृत्ति सहज अवस्था भएपछि बाहिर मुखरित हुन थाल्दछ। मनोगत इच्छा, रुमानी क्रान्तिकारिता र आदर्शवादी भुलभुलैयाले मानिस साँचो अर्थमा बदलिएकै हुँदैन।

आवश्यकताको संसारबाट स्वतन्त्रताको संसारमा पुग्ने क्रान्तिको मूल अभीष्ट हो। आन्दोलनको इतिहासमा तत्कालीन आवश्यकताको बढाइचढाइ गर्नु वा आदर्शीकरण गर्नु र स्वतन्त्रताको संसारतर्फको यात्रालाई न्यूनीकरण गर्नु वा निषेध गर्नु फरक रुपमा र फरक आयाममा बारम्बार दोहोरिएको छ। स्वतन्त्रताको दुनियाँलाई भ्रष्टीकरण वा न्यूनीकरण गर्ने प्रवृत्तिले आफ्ना सबै कमजोरी र विकृतिहरुलाई आवश्यकताको आवरणले ढाकछोप गर्ने र स्वतन्त्रता वा मुक्तिको दुनियाँतर्फको महान् तथा लामो यात्रा असम्भव रहेको निष्कर्षमा पुग्ने गरेको पाइएको छ। अर्को कुरा, व्यवहारवाट ज्ञान र ज्ञानवाट पुनः व्यवहारलाई ठीकसँग आत्मसात गरेर लागू गर्नु भन्दा आफ्नो स्वार्थ अनुरुप सिद्धान्त र व्यवहारको सही संयोजनमा ध्यान नदिने खतरनाक प्रवृत्तिका कारण आजको समस्या आएको हो। सैद्धान्तिक ज्ञानको महत्वलाई न्यूनीकरण गर्ने र अज्ञानतालाई आदर्शीकरण गर्ने प्रवृत्तिले समाज बदल्न तम्सनेहरुमा समस्या देखिएको हो। रुढीवादी र आधुनिकताका नाममा भित्रिएका मौलिकताविरोधी संस्कृति, मूल्यमान्यता, नैतिकता, आचरणको खिचडी जसरी हाम्रो समाजमा व्याप्त छ, त्यसले समाजमा न्यूनपुँजीवादी आधार र सामन्ती संस्कृतिको बोलवाला हुनाले रुढिवाद नै मूल समस्या बन्न पुग्दछ र सम्पत्ति बटुल्ने, सामन्तको जस्तो जीवनशैली अपनाउने र शहीदको बलिदानको मर्म र क्रान्तिप्रतिको आफ्नै प्रतिबद्धतालाई तिलाञ्जली दिने प्रवृत्ति हावी हुने गरेको हो। पुरानो समाजका खराबीहरुको प्रभाव पछिसम्म रहिरहन्छ। पदोन्नति, पैसा र शक्तिको आडमा जनतामाथि दमन र शोषणको चक्र चालु राख्ने हो भने समाज बदल्ने सपना साँचेर संघर्षका मोर्चाहरुमा किन सरिक हुने भन्ने ज्वलन्त सबाल उभिन्छ हाम्रा सामु। मात्र सत्ताका लागि त शहीदहरुको लामो सूची बनाउन जरुरी छैन। हरेक क्रान्तिकारीले सँधै हेक्का राख्नुपर्ने कुरा भनेको आफूमा पुरातन रुढीवादी सोचहरुले काम गरिरहेका हुनसक्छन्। असल नेता र कार्यकर्ताले जनताको अदालतमा नित्यनिरन्तर आफूलाई परीक्षण गर्न आवश्यक छ। मुलुक, जनता र समस्त मानवजातिको हितमा सदैव आफूलाई समर्पित गर्न जरुरी छ। अन्धविश्वास र रुढीवादी पछौटेपनलाई पछ्याएर रुपान्तरण सम्भव छैन। निरन्तरको आलोचना, आत्मआलोचना र परीक्षणको कसौटीमा घोटिएर मात्र व्यक्ति समाज रुपान्तरणसँगै आफू पनि रुपान्तरण हुनसक्छ।

tirthakharel2028@gmail.com

# अनलाइन, रेडियो र टेलिभिजनबाट पढाइ

प्रकाश सिलवाल




कोरोना महामारीका कारण शिक्षालय खुल्न नसकेको स्थितिमा सूचना, सञ्चार र प्रविधिको प्रयोगबाट देशभर पढाइ हुन थालेको छ।

सरकारले आफ्नो परिवेश र उपलब्ध सञ्चार पहुँचका आधारमा दूर तथा खुला शिक्षालगायत वैकल्पिक प्रणालीको माध्यमबाट प्रभावकारी र व्यवस्थित रूपमा सिकाइमा निरन्तरता दिन भनेपछि यो प्रक्रिया अघि बढेको हो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यही जेठ १८ गते 'वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७' जारी गरी असार १ गतेदेखि अनिवार्य कार्यान्वयन गर्न आग्रह गरेको थियो।

बढ्दो स्वास्थ्य जोखिम र जारी बन्दाबन्दीको स्थितिमा स्थानीय तह र विद्यालयले आफ्नो ढङ्गबाट तयारी गरिरहेका बेला सरकारको मार्गदर्शनपछि वैकल्पिक प्रणालीलाई हालका लागि निर्विकल्प मानिएको छ तर प्रत्यक्ष कक्षामा पढ्ने आदत र परीक्षामुखी प्रणालीको अभ्यासमा यो विकल्प स्थापित गर्न तत्काल सहज हुन भने गाह्रो रहेको विज्ञहरूको भनाइ छ।

निर्देशिकाले निर्दिष्ट गरे अनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई उत्पादन गरिएका विषयगत श्रव्यदृश्य पाठहरू प्रशारण हुन थालेका छन्। यद्यपि काठमाडौँकै धेरैजसो अभिभावकका पनि स्मार्टफोन, ट्याब्लेट, ल्यापटप कम्प्युटर, इन्टरनेट नहुने, बिजुली गइरहने समस्याले अनलाइन कक्षाको पहुँच सहज नभएको पाइएको छ। गत चैत ११ गतेदेखि जारी भएको बन्दाबन्दीका कारण सबै तहका शिक्षालयको पठनपाठन र परीक्षा स्थगन छन्।

शिक्षामन्त्री गिरिराजमणि पोखरेलले उच्चस्तरीय समिति गठन गरी वैकल्पिक विधिको अनलाइन या दूरशिक्षाबारे अल्पकालीन र दीर्घकालीन सुझाव तयार गराई महामारीको यस अवस्थालाई शिक्षाको सूचना प्रविधिको फड्को मार्ने अवसर र चुनौतीका व्याख्या गर्दै आउनुभएको छ।

उक्त निर्देशिकामा रेडियो, एफ रेडियो, टेलिभिजन, अनलाइन, स्वअध्ययन तथा अफलाइनका माध्यमबाट सिकाउन सकिने उल्लेख छ। निर्देशिकामा सबै किसिमको प्रविधिको पहुँच भएका, रेडियो वा टेलिभिजनमा पहुँच भएका, कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका र इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थीका समूहहरूमा वर्गीकरण गरी उनीहरूलाई त्यही परिवेशअनुसारको सिकाइ निरन्तरता दिन भनिएको छ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक डा. तुलसीप्रसाद थपलियाले केन्द्रले हालसम्म सिकाइ पोर्टल र स्वअध्ययन सामग्री तयार गरेको र कक्षा १ देखि ८ सम्मका पाठहरूको भिडियो सामग्री तयार गरिएको जानकारी दिए।

अर्थ मन्त्रालयले प्रकाशन गरेको आर्थिक वर्ष २०७६/७७ को आर्थिक सर्वेक्षणअनुसार मुलुकभर सञ्चालित ३५ हजार ५२० विद्यालयमध्ये २९ हजार ६०७ सामुदायिक विद्यालय छन्। सामुदायिक विद्यालयमध्ये आठ हजार ३६६ विद्यालयमा कम्प्युटर सुविधा उपलब्ध छ। यी विद्यालयमध्ये तीन हजार ६७६ विद्यालयले शिक्षण सिकाइ क्रियाकलापमा सूचना प्रविधिको प्रयोग गर्दै आएका छन्। विद्यालयमा भएको कम्प्युटर प्रयोगशला बन्दाबन्दीमा घरमा रहेका विद्यार्थीले उपयोग गर्न नपाए पनि विद्यालयको प्रशासन सञ्चालन हुँदा शिक्षकलाई सहज हुनेछ। चालू आवमा थप एक हजार माध्यमिक विद्यालयमा सूचना प्रविधिको प्रयोगशाला स्थापनाको लक्ष्य राखिएको थियो। सर्वेक्षणमा कक्षा १ देखि १२ सम्म कूल ७० लाख २१ हजार ६२२ विद्यार्थी छन्।

शिक्षा मन्त्रालयको सहकार्यमा नेपाल टेलिभिजनको एनटिभी प्लस च्यानलबाट बिहान ९:०० देखि साँझ ५:४० बजेसम्म विभिन्न अनिवार्य विषयमा क्रमशः कक्षा १ देखि १० सम्मका विषयका शिक्षकले भिडियो माध्यमबाट पढाइ थालेका छन्। कक्षा ९ र १० का विषयगत पाठहरू डिसमिडिया नेटवर्क लिमिटेड, डिसहोम, एनआइटिभी स्ट्रिम प्रालि, नेट टिभी, मेगा म्याक्स टिभीबाट कक्षा सञ्चालन हुँदैछ।

यही जेठ २८ गतेदेखि काठमाडौँ महानगरपालिकको शिक्षा विभागको सहकार्यमा मेट्रो एफएम ९४ दशमलव ६ मा हरेक दिन बिहान ९ देखि साँझ ५:३० बजेसम्म कक्षा १ देखि १० सम्मका विषयमा पढाइ गराइएको छ। निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) को सहकार्यमा जनता टेलिभिजन, टिभी टुडे र योहो टिभीबाट पनि नियमित कक्षा सञ्चालन हुन थालेको छ। विभिन्न जिल्लामा सामुदायिक रेडियोले पनि कक्षा शुरु गरेका छन्।

काठमाडौँ महानगरले शुरु गरेको रेडियोमार्फतको पढाइमा महानगरपालिकाभित्रका ९१ सार्वजनिक विद्यालय, तीन विशेष विद्यालय र ६४३ संस्थागत ( निजी) विद्यालयमा अध्ययनरत तथा आसपासका विद्यार्थी प्रत्यक्ष-अप्रत्यक्षरूपमा लाभान्वित हुनेछन्।

महानगरपालिकाको रेडियो कक्षाको संयोजन गरिरहेको त्रिपुरेश्वरस्थित विश्व निकेतन माविका प्रधानाध्यापक हेरम्बराज कँडेलले अनलाइनबाटै विद्यार्थीको आवेदन फारम भराई वैकल्पिक विधिको शिक्षा दिन शुरु गरिएको बताउनुभयो। यसबीचमा इन्टरनेट, रेडियो, टेलिभिजन, कम्प्युटरमा पहुँच भएका विद्यार्थीको पहिचान गरी शिक्षकलाई प्रविधिमैत्री बनाउन तालिम दिइएको छ। भौतिक ूरी कायम गरेर पाठ्यपुस्तक वितरण भइसकेको छ। प्रअ कँडेलले विद्यालयको आफ्नै मोबाइल एप्सबाट विद्यार्थीलाई गृहकार्य दिने, गतिविधि बुझ्ने, परीक्षण गर्नेलगायतका काम गरिएको र असार मसान्तसम्ममा सबै विद्यार्थीलाई भर्चुअल अनलाइन कक्षामा रुपान्तरण गर्ने योजना रहेको सुनाउनुभयो।

विभिन्न समयमा बोर्ड परीक्षामा सर्वोत्कृष्ट भई राष्ट्रिय शिक्षा पुरस्कार प्राप्त गर्न सफल उक्त नमूना विद्यालय विश्व निकेतनमा गत वैशाखको पहिलो साता विद्यालयको वेबसाइट र सामाजिक सञ्जाल फेसबुकबाट गत वर्षको वार्षिक नतिजा प्रकाशन भइसकेको छ। महाराजगञ्जस्थित शिवपुरी माध्यमिक विद्यालयका प्रधानाध्यापक दिवाकार दूरदर्शीले विद्यालयले ६०५ विद्यार्थीलाई पुस्तक वितरण गरिसकेको र कक्षा १० का विद्यार्थीलाई विषयगत शिक्षकबाट यसै साताबाट अनलाइन कक्षा गुगल मिटामर्फत सञ्चालन गरिएको जनाउनुभयो।

# लापर्वाहीले लग्यो श्रीमान्, श्रीमतीलाई कोरोना 'पोजेटिभ'

**विनोद सापकोटा**

**शिवसताक्षी, जेठ ३२।** झापाको शिवसताक्षीस्थित झरना प्राविको क्वारेन्टिनमा रहेकी एक महिलामा कोरोना भाइरसको संक्रमण भएको पुष्टि भएको छ। स्वास्थ्य कार्यालय विराटनगरको प्रयोगशालामा शनिवार ती महिलाको पीसीआर परीक्षण भएको थियो। उनको बिहीबार स्वाब संकलन भएको क्वारेन्टिनका स्वास्थ्य संयोजक रोशन अधिकारीले बताए।

संक्रमित महिला भारतको दिल्लीबाट २७ गते नेपाल आएकी हुन्। उनीसंगै नेपाल आएका अन्य दुई आफन्तको कोरोना नेगेटिभ भएको अधिकारीले बताए। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले ती महिलामा कोरोना भएको स्वतन्त्र रुपमा पुष्टि गरेका हुन्।

**यस्तो थियो संक्रमणको आशंका**

कोरोना पुष्टि भएकी महिला भारतको दिल्लीमा श्रीमान्संगै बस्दै आएकी थिइन्। उनिहरुको चैत्र ८ गते नेपाल आउने तयारी थियो। तर, नेपाल आउने चाँजोपाँजो मिलाउँदै गर्दा भारतमा लकडाउन शुरु भयो। जसका कारण नेपाल आउने तयारीबीचैमा रोकियो।

संक्रमित महिला परिवारसँगै दिल्लीमा बहालमा बस्ने गरेको खुल्न आएको छ। दुई कोठामध्ये एउटा कोठामा आफन्त र अर्को कोठामा श्रीमान्-श्रीमती बस्ने गर्थे। जेठ ४ गते श्रीमान्लाई ज्वरो आएको थियो। उनका श्रीमान्ले सामान्य होला भनेर चिकित्सकको परामर्श बिनै ज्वरो घट्ने औषधि सेवन गरेका थिए। ज्वरोले शरीर तातिएपछि जुटको बोरा भिजाएर त्यसैमा सुत्ने गर्थे उनका श्रीमान्। श्रीमती पनि सँगै हुन्थिन्। ज्वरो आइरहे पनि उनी तीन दिन सम्म कोठामा यसरी नै सुतिरहेका थिए। लगातार ज्वरो आइरहेपछि उनलाई श्वासप्रश्वासमा समेत समस्या देखिन थालेको उनका आफन्तले बताएका छन्। अस्पताल जानु पूर्व सुख्खा खोकी पनि लागेको आफन्तले बताएका छन्।

कोरोनाको लक्षण हुन सक्ने भन्दै परिवारले संक्रमितका श्रीमान्लाई दिल्लीस्थित एक अस्पतालमा उपचारका लागि भर्ना गरेका थिए। जेठ २५ गते उनेको भारतको दिल्लीस्थित एक अस्पतालको आइसोलेसनमा देहान्त भयो। उनलाई पनि कोभिड १९को संक्रमण भएको रहेछ। मृत्यु हुन पूर्वनै उनको स्वाब संकलन गरिएको थियो। मृत्यु भएपछि मात्र पीसीआर पोजेटिभ आएको पारिवारिक श्रोतले बताएको छ।

**यस्तो थियो ट्राभल हिष्ट्री**

संक्रमित महिलासहित उनका आफन्तलाई अस्पतालले मृत्युको खवर सुनायो। केही बेरमा दिल्लीस्थित नेपाली दूतावासले उनीहरुलाई भारतीय एम्बुलेन्समा नेपाल फर्काइदियो। एम्बुलेन्समा संक्रमित महिलासहित अन्य २ जना आफन्तसँगै आएका थिए।

नेपाल भारतको सीमाना जोगवनीमा आइपुगेपछि उनीहरुलाई शिवसताक्षी नगरको एम्बुलेन्सले रिसिभ गरेको थियो। एम्बुलेन्समा आएकाले नै घटना क्रम एम्बुलेन्स चालकसहित झरना क्वारेन्टिनको व्यवस्थापन पक्षलाई बताएपछि उनीहरुलाई विराटनगर हुँदै शिवसताक्षीको झरना क्वारेन्टिनमा सतर्कता अपनाउँदै ल्याएको थियो।

संक्रमितसँगै नेपाल आएका दुई जनाले दिल्लीबाटै सतर्कका साथ आएको बताए। उनीहरुले भने- 'हामीसँग कसैको पनि सम्पर्क भएको छैन। दिल्लीमा रहँदा पनि हामी कोठा बाहिर निस्किएका थिएनौं। हामीसंगै आएकी महिलाको पोजेटिभ हुनु। हाम्रो नेगेभिट रिपोर्ट आउनु। अचम्म भयो। एम्बुलेन्समा आउँदासंगै आएका हौं। झरना क्वारेन्टिनमा बस्दा पनि सँगै बसेका थियौं।' उनीहरुको पारिवारिक नाता गोप्य राखिएको छ।

**लापारवाहीको नमूना**

श्रीमान्लाई ज्वरो र श्वासप्रश्वासमा समस्या देखिएपछि बेलैमा अस्पताल भर्ना गरिएको भए मृत्युको मुखमा पुग्नु नपर्ने स्वास्थ्यकर्मीले आशंका गरेका छन्। कोरोनाको मिल्दोजुल्दो लक्षण देखिन थाल्नु पूर्वनै चिकित्सकको परामर्श र उच्च सतर्कता नअपनाएका कारण श्रीमान्को मृत्यु र श्रीमतीमा कोरोना संक्रमण देखिएको हुन सक्ने अनुमान छ। दिल्लीबाट सँगै आएकामध्ये दुई जनामा कोरोना भाइरसको संक्रमण नभेटिनुको मुख्य कारण उच्च सतर्कता नअपनाउनु नै मुख्य कारण हो। एम्बुलेन्समा सँगै आए पनि व्यक्तिगत दुरी कायम नै रहेको दिल्लीबाट आएकामध्ये एकले बताए।

**सुरक्षा सतर्कता कडा**

शिवसताक्षीको झरना प्राविको क्वारेन्टिनमा कोरोना संक्रमित देखिएपछि त्यहाँ मानवीय स्वास्थ्य सुरक्षा कडा पारिएको छ। सर्वसाधारणलाई क्वारेन्टिनमा आउन प्रतिवन्ध लगाइएको छ। दिल्लीबाट आएकामध्ये दुई जनालाई रेड जोनमा राखिएको छ। अन्य सर्वसाधारण बसेको क्वारेन्टिन र उनीहरु बसेको क्वारेन्टिनको दुरी ५० मिटर बनाइएको क्वारेन्टिन व्यवस्थापनका संयोजक दीपक तामाङले बताए।

झरनाको क्वारेन्टिनमा १ महिलासहित ७ जना छन्। महिला कुवेतबाट आएकी हुन् भने अन्य ६ पुरुष भारतका बिभिन्न ठाउँबाट आएका हुन्।



**चराचुरुंगीबाट जोगाउन सूर्यमुखीमा झुल :** झापाको बाह्रदशी गाउँपालिका-७मा एक किसानले सूर्यमुखीलाई चराचुरुंगीले खानबाट जोगाउन झुल लगाएका छन्। झापामा सूर्यमुखीको खेती गरिँदै आइएको छ। **तस्वीरः तुलसीप्रसाद निरौला/पूर्वाञ्चल**

# मेची नदी किनारमा शवदाहस्थल



**भद्रपुर, जेठ ३२।** भद्रपुर-५ स्थित मेची नदी किनारमा शवदाहस्थल बन्न लागेको छ।

१ नम्बर प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन गरिएको १० लाख बजेटबाट शवदाह स्थल बन्न लागेको हो। शवदाहस्थलको शनिवार एक कार्यक्रमकाबीच शिलान्यास गरिएको छ। प्रदेश सांसदद्वय वसन्त बानियाँ र ओमप्रकाश सरावगी संयुक्त रूपमा शवदाह स्थलको शिलान्यास गरेका हुन्। शिलान्यास कार्यक्रममा नगरपालिकाकी उपमेयर चन्द्रामाया श्रेष्ठ, ५ नम्बर वडाध्यक्ष बन्धु कार्की, शवदाहस्थल उपभोक्ता समितिका अध्यक्ष विजयकुमार यादव लगायतको सहभागिता रहेको थियो।

पूर्वाधार विकास कोषको १० लाख र जनसहभागिताबाट दुई लाख गरी जम्मा १२ लाखमा बन्ने शवदाहस्थल असार २० गतेसम्म बनी सक्ने वडाध्यक्ष कार्कीले जानकारी दिए। मेची पुलदेखि ५०० मिटर दक्षिणी पुलको तटबन्ध नजिकै शवदाहस्थल बन्न लागेको उनले बताए। भद्रपुरमा शवदाह स्थल नहुँदा यहाँका नागरिक नदी बगरमा गएर शव जलाउँदै आएका थिए।

# खरबुजा फलाएर एउटै टोलले कमायो रू. ५० लाख

**काँकरभिट्टा, जेठ ३२।** झापाको मेचीनगर नगरपालिका-९ खुट्टेडाँगीको एउटै टोलका किसानले बन्दाबन्दीको अवधिमा खरबुजा फलाएर रु. ५० लाख आर्जन गरेका छन्।

विगतमा प्राय: खोलाको बालुवामा खरबुजा खेती हुने गरेको थियो तर खुट्टेडाँगीका अगुवा किसान डिल्लीप्रसाद उप्रेतीले गत वर्ष धान र मकैखेती हुने जग्गामा समेत खरबुजा फल्छ भनेर प्रमाणित गरिदिएपछि टोलवासी खरबुजा खेतीमा उत्साहपूर्वक लागे। यस वर्ष घरैपिच्छे गरिएको यो खेतीले स्थानीयवासीको आम्दानीस्तर ह्वात्तै उकासेको छ। उप्रेती आफैंले पनि रु. १५ लाखको खरबुजा बिक्री गरेको बताए। हरेक घरले कम्तीमा रु. एक लाख र बढीमा रु. १० लाखसम्म नाफा आर्जन गरेको किसानको नेतृत्व गरेका उप्रेतीले बताए।

डीएण्डडी वायो प्लानटेक नामक संस्थामार्फत उप्रेतीले एक्लै खुरबुजा खेतीबाट लाखौं आर्जन गरेको देखेर सिको गर्दै उनका छिमेकीहरुले यस वर्ष खरबुजा खेती गरेका हुन्। उप्रेतीका अनुसार टोलका एक दर्जन किसानले गरेको खरबुजा खेतीबाट रु. ५० लाख आम्दानी भएको छ।

डिएण्डडी वायो प्लानटेक नामक संस्थाबाटै टोलवासीले खरबुजाको बिरुवा लगेर आफ्ना बारीमा रोपेका थिए। विगतमा मकैखेती हुने गरेको जग्गामा यसपाली खरबुजा लहराएको थियो। किसानलाई प्राविधिक सहयोगसमेत उप्रेतीले नै प्रदान गरेका थिए। रोपेको ९० दिनमै खरबुजा फल्छ। गत वर्ष प्रतिकेजी रु. ५०मा बिक्री भएको खरबुजा यसपालि बन्दाबन्दीका कारण प्रतिकेजी रु. ३०मा बिक्री गर्नुपरेको थियो। त्यही पनि किसान नाफामै रहे। बन्दाबन्दी नभइदिएको भए खरबुजाबाट दोब्बर आम्दानी हुने किसानको भनाइ छ। उनीहरुले उत्पादन गरेको खरबुजा झापाबाहिर इटहरी, धरान र विराटनगरमा बिक्री भएको थियो।

उप्रेतीले यस वर्ष ६० हजार खरबुजाको बिरुवा बिक्री गरेका थिए। उनको नर्सरीमा उत्पादित खरबुजाको बिरुवा चितवन, बारा, सिरहा, नवलपरासी लगायतका जिल्लाका किसानले खरिद गरेर लगेका थिए।

## पाथीभरा क्षेत्र विकास कोषका अध्यक्षलाई मातृशोक



**इलाम, जेठ ३२।** इलामको कुटीडाँडामा रहेको पाथीभरा क्षेत्र बिकास कोषका अध्यक्ष तथा शान्ति निकेतन माध्यमिक विद्यालयको बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष दौलथकुमार राईलाई मातृशोक परेको छ।

राईको आमा बुद्धिमाया राईको ८५ बर्षको उमेरमा शनिबार निधन भएको हो। स्वर्गीय राईको श्रीमानसहित ६ छोरा र ३ छोरी रहेका छन्। स्वर्गीय राईको आइतबार जातीय परम्परा अनुसार अन्तिम संस्कार गरिने पाथीभरा क्षेत्र बिकास कोषका सचिब दिलीप राईले जानकारी दिए। स्वर्गीय राई कुटीडाँडा क्षेत्रका सबैले अभिभावकको रुपमा सम्मान गर्ने गरेकोले निधनपछि कुटीडाँडाबासी स्तब्ध भएको स्थानीय नरबहादुर खवासले बताए।

## लडेर मृत्यु

**पाँचथर, जेठ ३२।** पाँचथरको फिदिम नगरपालिका-१ का ३७ बर्षीय चन्द्रकुमार आङ्वोको लडेर मृत्यु भएको छ।

सडकमा पैदल हिँडिरहेका आङ्वो अचानक सडकबाट लडी घाइते भई उपचारको लागि जिल्ला अस्पताल पाँचथर लगिएकोमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ।


पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर

गोरखा डिपार्टमेन्ट स्टोर

हाम्रा विशेषताहरू :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

गोरखा डिपार्टमेन्ट स्टोर
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ। चाडै सम्पर्क गर्नुहोला।

Divine Int'l Acadamy (Dia)
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।

बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।



उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्र्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

वर्गीकृत विज्ञापन

सुवर्ण अवसर

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।

नेपाल जब्स केयर सर्भिस प्रा.लि.
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

हिजोको सूनचाँदीको भाऊ


| | |
|---|---|
| छापावाला सुन : | ७७,०००।- |
| तेजावी सुन : | ७६,७००।- |
| असल चाँदी : | ७२५।- |


आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।

सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

डाक्टर आउने बारेको सूचना

डा. पवन पराजुली NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३०, ८:३०, ९:१५, १०:१५, ११:१५, १२:१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। विभिन्न अवसर प्राप्त हुनेछन्।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मनग्गे फाइदा उठाउन सकिनेछ। परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ। शत्रु र रोगबाट भने सजग रहनुपर्ला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ। प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ। लामो यात्राको प्रक्रिया अघि बढ्नेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** बाध्यतामा अलमलिनुपर्दा चिताएको कामा बाधा आउला। आश्वासन बाँड्नेहरूले झुक्याउनेछन् भने पहिलेका सहयोगीहरू पछि हट्न सक्छन्।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** परिस्थिति त्यति अनुकूल नरहला। अरूका लागि बुद्धि खर्च्नुपर्नेछ। जीवनशैली व्यस्त रहनेछ तर उपलब्धिविहीन काममा समय बित्न सक्छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ। तर नयाँ काम गर्न समय पर्खनुहोला। व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** परिस्थिति अनुकूल रहनेछ भने लगनशीलताले लक्ष्यमा पुऱ्याउनेछ। छोटो समयमा फाइदा उठाउन सकिनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। परिवारजनको साथले उत्साह जगाउनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ। साथीभाई सँग रमाईलो घुमफीर हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** चलकाममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। काममा निरन्तरता दिदाँ राम्रो होला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** सहयोगीहरूले अप्ठ्यारो समयमा साथ दिनाले चुनौतीहरूलाई पार लगाउन सकिनेछ। गोप्य रहस्य पत्ता लाग्नेछन् भने नसोचेको धन लाभ हुन सक्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सानातिना समस्याले केही अप्ठ्यारो परिस्थिति सिर्जना हुने देखिन्छ। स्वास्थ्यमा पनि अलि कमजोरी अनुभूति हुन सक्छ।